Total No. of Printed Pages—8

**X/20/N (O)**

**2020**

**NEPALI**

( INDIAN LANGUAGE )

( Old Course )

**( FOR CANDIDATES WITH INTERNAL ASSESSMENT )**

*Full Marks* : 80
*Pass Marks* : 24

**( FOR CANDIDATES WITHOUT INTERNAL ASSESSMENT )**

*Full Marks* : 100
*Pass Marks* : 30

*Time* : 3 hours

**( FOR ALL CATEGORIES OF CANDIDATES )**

*General Instructions* :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question are indicated against each.

(iii) Question Nos. **1** to **13** are to be answered by all **Candidates**.

(iv) Question Nos. **14** and **15** are to be answered only by **Candidates without Internal Assessment**.

**1.** थोरै शब्दहरूमा उत्तर लेख : 1×5=5

(क) हरि र सानी को हुन्?

(ख) परेवा हान्नलाई हरिले के बनाएको थियो?

(ग) बिहानको कलिलो घाममा बाहिर गलैंचा ओछ्याएर बस्ने मानिस को हुन्?

(घ) सुबेदारनीले घरको झिंजोबाट कसरी फुर्सद पाइन्?

(ङ) दशैंमा माइतघर आउँदा सानीले कसलाई लिएर आई?

**2.** सानीको चरित्र चित्रण गर। 5

अथवा

सुबेदारनी र रत्ना को-को हुन्? तिनीहरूलाई कस्तो विपदले छोपेको थियो? वर्णन गर।

**3.** कुनै **दुइवटा** प्रश्नहरूका उत्तर लेख : 7×2=14

(क) सुभद्राले घर छोडेर गएपछि देवीरमणको घरको अवस्था कस्तो भयो? वर्णन गर।

(ख) 'परिबन्द' कथामा रने परिबन्दमा फसेका कारणहरू के-के हुन्? लेख।

(ग) डा० पारसमणि प्रधानको प्राथमिक शिक्षा कहाँ भएको थियो? पेशाले उनी के थिए? उनका पुस्तकहरूको प्रचार र प्रसार कहाँ-कहाँ भएको छ?

(घ) 'चिठी' पाठमा लेखकले आफ्नो छात्र-जीवनमा पाएका अनुभव आफ्ना भाइलाई कसरी दर्शाएका छन्? वर्णन गर।

**4.** सप्रसंग व्याख्या गर (कुनै **एक**) : 5

(क) ''धूर्तता र कुटिलता जस्ता अवगुणहरू शिक्षामा घुस्न थाले भने बन्धुत्व हराउँदै जान्छ र आन्तरिक हार्दिकता पनि सुक्दै जान्छ।''

(ख) ''अरूलाई दोष लाउनुभन्दा रचनात्मक कार्यतिर आफूलाई बुद्धिमानी र प्रगति भन्नुपर्छ।''

(ग) ''उनको यो खोजको सहायताले कुनै जीवित पदार्थबाट त्यस्तै अनेक जीवित पदार्थ तयार गर्न सकिन्छ।''

**5.** छोटकरीमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) डाक्टर र इञ्जिनीयर-मा के-के कुराको भिन्नता छ?

(ख) नसुल्झेको इच्छा भन्दा के बुझिन्छ? कुन कथामा यो प्रश्नको प्रसंग पाइन्छ?

(ग) उद्भिद्बाट कस्तो शिक्षा प्राप्त गर्न सकिन्छ?

(घ) कुन अवस्थामा शिक्षाको उद्देश्य साँधुरिंदै जान्छ?

(ङ) नेपाली भाषा कसरी हुर्किएको भाषा हो?

**6.** अति संक्षेपमा उत्तर लेख (कुनै **पाँचवटा**) : 1×5=5

(क) नासो भनेको के हो?

(ख) देवीरमण सन्तानबिनाको वैभवलाई के सम्झन्थे?

(ग) हरगोविन्द खुरानाका पिता को थिए?

(घ) हाइस्कूली शिक्षा डा० खुरानाले कहाँबाट प्राप्त गरेका थिए?

(ङ) औषधी र शरीर विज्ञानमा खुरानाले के पुरस्कार पाए?

(च) मानवीय गुण के-के हुन्?

(छ) पारसमणि प्रधानका कविताहरू केमा लिपिएका हुन्छन्?

**7.** कुनै **एउटा** कविताको सारांश लेख : 7

(क) लेखनाथ पौड्याल रचित—'गौंथलीको चिरिविरि'

(ख) कृष्णप्रसाद ज्ञवाली रचित—'अधिकार र कर्तव्य'

(ग) गोपीनारायण प्रधान रचित—'स्वीट फल्स'

**8.** संक्षेपमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) कसरी गरीब धनीको तुलनामा सुखी देखिन्छ?

(ख) गरीबको घर कहाँ छ? उसको घर छेउछाउको दृश्य कस्तो छ?

(ग) भानुभक्तले 'रामायण' कस्तो ठाउँमा बसेर लेखे?

(घ) भानुभक्तले लेखेको 'रामायण'लाई त्यतिबेला कसैले किन ध्यान दिएन?

(ङ) कवि चन्द्रमणि अधिकारी 'कविप्रति' कवितामा किन चिन्तित देखिन्छन्?

**9.** थोरै शब्दमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) कवि चन्द्रमणि कल्पनाको खोज छोडी के कुरामा आउने आग्रह गर्दछन्?

(ख) 'गरीब' कविता-अनुसार गरीबलाई के मीठो हुन्छ, के रसिलो?

(ग) गरीब मानिस थाकेपछि विश्राम गर्न कहाँ बस्छ?

(घ) असङ्ख्य भ्वाङ परेपछि साइकलको ट्यूबलाई कहाँ फ्याँकिन्छ?

(ङ) किन ट्यूबमा घरिघरि हावा भरिरहनुपर्छ?

(च) 'रामायण' ग्रन्थ लेख्ने भानुभक्त आचार्यको घर कहाँ थियो?

(छ) 'भानुभक्तप्रति' कविताका लेखक को हुन्?

**10.** कुनै **एउटा** उक्तिको अर्थ खोल्दै व्याख्या गर : 3

(क) घाँटी हेरी हाड निल्नु

(ख) आज मऱ्यो भोलि ओखती

(ग) मुखमा राम-राम बगलीमा छुरा

**11.** (क) भाववाचक संज्ञा बनाऊ : ½+½=1

नम्र ; भन्।

(ख) पर्यायवाची शब्द लेख : ½+½=1

विचार ; मित्र।

(ग) समोच्चारित शब्दका अर्थ लेख : ½+½=1

सार-शार, खाट-खात।

(घ) क्रिया-विशेषण केलाई भनिन्छ? लेख। 1

(ङ) यी शब्दका संज्ञा शब्द लेख : ½+½=1

मानसिक ; लौकिक।

(च) उपसर्ग छुट्याऊ : ½+½=1

प्रगति ; वियोग।

**12.** निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

हाम्रो समय सीमित छ र प्रत्येक पल मूल्यवान छ। 'कला लामो छ र जीवन छोटो छ' कवि वड्र्सवर्थ भन्थे। प्रत्येक दिन हाम्रो सामुभित्र मित्र जस्तो भएर उपस्थित हुन्छ र प्रत्येक दिनले प्रकृतिको मूल्यवान उपहार लिएर आउँछ। मौका फेरि–फेरि आउँदैन, त्यसलाई चुल्ठोमा समात्नु–पर्छ भन्ने अङ्ग्रेजहरूको आवाहन छ। प्रत्येक सुन्दर प्रातःकाल सुन्दर वस्तुहरू लिएर उपस्थित हुन्छ। त्यस सुन्दर प्रातःकालबाट फायदा नउठाउने मान्छे लम्फू र भूसको थैली बन्दछ, जीवनमा त्यो हरूवा गोरू हुन्छ। कुनै बुद्धिमानले ठीकै भनेका छन्, हराएको सम्पत्ति उद्योगले पाउन सकिन्छ, बिर्सेको विद्या पठन–पाठनले फेरि याद हुन्छ, नष्ट भएको स्वास्थ्य औषधि र संयमले प्राप्त हुन्छ तर विनष्ट भएको समय सदाका निम्ति जान्छ, त्यो सपनाको चीज हुन्छ। ''अब पछताए क्या होय जब चिडिया चुग गई खेत'' भनेको जस्तो हुन्छ।

(क) कवि वड्र्सवर्थ समयको गति हेरी के भन्थे? 1

(ख) प्रत्येक दिनले के लिएर आउँछ? 1

(ग) सुन्दर प्रातःकालबाट फायदा नउठाउने मान्छे के हुन्छ? 1

(घ) प्रत्येक दिन हाम्रो सामु के जस्तो भएर उपस्थित हुन्छ? 1

(ङ) कुनै बुद्धिमानले समयको मूल्यलाई हेरी के भनेका छन्? 1

**13.** निबन्ध लेख (कुनै **एक**) : 8

(क) मोबाइल फोनको दुरुपयोग

(ख) अनुशासन

(ग) चरित्र–बल

(घ) विद्यार्थी जीवन

(ङ) तिमीलाई मनपर्ने कुनै एउटा चाड

**[ For Candidates Without Internal Assessment ]**

( *Marks* : 20 )

**14.** अति संक्षेपमा उत्तर देऊ : 1×10=10

(क) सुभद्रा घर छोडेर कहाँ गइन्?

(ख) नौली र सुभद्रा-को भेट कहाँ भयो?

(ग) देवीरमण फलैंचामा बसेर के हेरिरहेका थिए?

(घ) कुन महिनामा किसानहरू बाली-नाली थन्क्याई तीर्थ जाने फिक्रीमा थिए?

(ङ) गरीब के-को मोज लुटेर आफ्नो घर फर्कन्छ?

(च) 'गरीब' कविता लेख्ने मानिस को हुन्?

(छ) बद्रीनाथ भट्टराईले कसलाई चिठी लेखेका छन्?

(ज) बाबुको मृत्यु हुनाले पढ्न नपाउने केटोको नाउँ के हो?

(झ) लक्ष्मीपूजाको दिनमा मर्ने मानिस कसको लोग्ने हो?

(ञ) कसको खोज पदार्थबाट अनेक जीवित पदार्थ तयार गर्न सकिन्छ?

**15.** कोष्ठकबाट सही शब्द छानी वाक्य पूरा गर : 1×10=10

(क) शिक्षाले मानिसको (शरीर/चरित्र) निर्माणमा ठूलो सहयोग दिन्छ।

(ख) रूपियाँलाई (उपियाँसँग/समयसँग) दाँजिएको छ।

(ग) कर्तव्यले (अधिकार/अपराध) ल्याउँछ।

(घ) बालकृष्ण समलाई (नाटक/उपन्यास) सम्राट भनिन्छ।

(ङ) पारसमणि प्रधानको पिताको नाम (उदयमणि/भाग्यमणि) थियो।

(च) पारसमणि प्रधानलाई भारतेली नेपाली साहित्यमा भानुभक्तको (पहिलो/दोस्रो) अवतार मानिन्छ।

(छ) सानी र रत्ना (13/15) वर्ष पछि श्रावण महिनामा फर्केर सुबेदारनीका घरमा आए।

(ज) 'माइतघर' दार्जीलिङको राजवाडी (शहर/गाउँमा) छ।

(झ) 'अल्झेको इच्छा' कथामा (बाबा/आमा) को इच्छा अल्झेको देखिन्छ।

(ञ) प्रकृतिको कुनै वस्तु, स्थान आदिको नक्कल गर्ने शब्दलाई (मूल/अनुकरण) शब्द भनिन्छ।

★★★